# बागमती प्रदेशमा विपद् व्यवस्थापन समबन्धी नीतिगत व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर

# विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

- संविधानको धारा ५१ ले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गरन पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने
- संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पुर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभिलाई साझा अधिकारसूचीमा राखेको छ।
- विपद् व्यवस्थापनलाई संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा राखिएको छ।

- बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) विपद् व्यवस्थापन क्षेत्रका लागि दीर्घकालिन सोच, लक्ष, उद्देश्य र रणनीतिहरू उल्लेख गरेको छ।
- बागमती प्रदेश सरकारको आ.ब. २०७८/७९ को नीति तथा कार्यक्रममा मनसुनजन्य विपद्बाट प्रभावित निजि आवास पुनर्निमाण, गोदाम घरहरुको स्तररोन्ती र सहभागितामूलक विपद् प्रतिकार्य अभ्यास गर्ने नीति लिएको छ।

# बागमती प्रदेशमा हालसम्म तर्जुमा भएका विपदसँग सम्बन्धित नीति एवं कानूनहरु

- प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५
- प्रदेश विपद् व्यवस्थापन नीति, २०७६
- प्रदेश विपद् रणनीतिक कार्ययोजना, २०७६-२०८७
- प्रदेश विपद् कोष सञ्चालन कार्यविधि, २०७५
- कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि,२०७६
- विपद खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८
- प्रदेश गोदामघर सञ्चालन कार्यविधि,२०७८ स्वीकृतिको चरणमा रहेको

- प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ मा व्यवस्था भएका समितिहरू
- ऐनको दफा ३ बमोजिमको (निर्देशक समितिको गठन)
- मुख्यमन्त्री -अध्यक्ष
- आन्तरिक मामिला तथा कानून मन्त्री -उपाध्यक्ष
- आर्थिक मामिला तथा योजना मन्त्री -सदस्य
- भौतिक पुर्वाधार विकास मन्त्री -सदस्य
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री -सदस्य

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री -सदस्य

- सामाजिक विकास मन्त्री -सदस्य
- प्रदेश सभाको विपक्षी दलको नेता -सदस्य
- प्रदेश सभाको सदस्य (एक जना महिला सहित तीन जना) -सदस्य

ञ) उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग - सदस्य

ट)प्रदेश प्रमुख सचिव -सदस्य

ठ) विपद्को क्षेत्रमा विज्ञता हासिल गरेका एक जना महिला सहित तीन जना -सदस्य

ड) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य सचिव

# प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था

- प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्वन्धी नीति तथा योजन स्वीकत गर्ने
- विपद् पूर्वतयारीको लागि सम्वन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने
- खोज तथा उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तह लगायत

अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने

- खोज उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने
- राहत सामग्री वितरणका लागि मापदण्ड स्वीकृत गर्ने
- नेपाल सरकार वा प्रदेश सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा स्थानीय स्तरका सरकारी, गैरसरकारी एवं निजी सवारी साधन यन्त्र उपकरण सरसामान खाद्यान्न आदिको अभिलेख राखी नियन्त्रणमा लिई प्रयोग गर्न वा गर्न लगाउने

- जोखिमयुक्त असुरक्षित भवन भत्काउने वा भत्काउन लगाउने
- असुरक्षित स्थानमा रहेको विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउने
- प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थथाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रूपमा वितरण एवं उपयोग गराउने
- प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र विस्तार गर्ने
- विपद् व्यवस्थापन सम्वन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने

- प्रदेश अन्तर्गतका विपद् व्यवस्थापन सम्वन्धी सम्पुर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिने
- जिल्ला तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्वन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने
- विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने
- जोखिमयुक्तक्षेत्र पहिचान गरी जोखिमयुक्तक्षेत्रमा बसोवास गरिरहेकालाई सुरक्षित
- क्षेत्रमा स्थान्तरण गर्ने , जोखिमयुक्तक्षेत्रमा बसोवास तथा उद्योग व्यवसाय सञ्चालन गर्न रोक लगाउने,
- समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

# कार्यकारी समिति
# गठन

- (क) आन्तरिक मामिला तथा कानूनमन्त्री
  -अध्यक्ष
- (ख) सचिव,मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय
  - सदस्य
- (ग) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय
  - सदस्य
- (घ) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय
  - सदस्य
- (ङ) सचिव,भौतिक पूर्वाधार विकास मन्त्रालय
  - सदस्य
- (च) सचिव,भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रलाय
  - सदस्य

- (छ)सचिव,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलाय
  - सदस्य
- (ज) सचिव, सामाजिक विकास मन्त्रलाय
  - सदस्य
- (झ) प्रदेश प्रहरी प्रमुख - सदस्य
- (ञ) प्रदेश अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी
  -सदस्य
- (ट) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय
  -सदस्य

# कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

- आपतकालीन अवस्थामा विपद प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निमार्ण गर्ने, गराउने,
- (ख) विपद प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,
- (ग) विपद व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा योजना र मापदण्ड तयार गरी समिति समक्ष पेश गर्ने,
- (घ) समितिबाट स्वीकृत प्रादेशिक नीति, योजना तथा मापदण्डको अधीनमा रही विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य तथा विपद पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम लागू गर्ने, गराउने,

- (ङ) विपद व्यवस्थापनका सम्बन्धमा प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,
- (च) विपद जोखिम न्यूनीकरणका लागि विषयगत क्षेत्रअनुरुप आपत्कालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,
- (छ) प्राकृतिक विपदको संभावित असरलाई न्यूनिकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा सङ्कट सम्बन्धी नक्साङ्कन गर्ने गराउने,
- (ज) सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद जोखिम मूल्याङ्कन गर्ने,गराउने,
- (झ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमीन र डुबान हुने क्षेत्र वा विपद जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

- (ञ) विपद जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,
- (ट) उच्च विपद तथा सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण कार्य सञ्चालन गर्ने, गराउने,
- (ठ) विपद पूर्वचेतावनी प्रणालीको विभिन्न निकायसँग समन्वय गरी सञ्चालन गर्ने, गराउने,
- (ड) विपद प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउन आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने,

- (ढ) विपद घटना हुना साथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,
- (ण) विपद प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- (त) विपद प्रभावित क्षेत्रमा विपद पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- (थ) स्थानीय खोज उद्धार समूह गठन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

- (द) नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल, जिल्ला विपद व्यवस्थापन समिति ,स्थानीय विपद व्यवस्थापन समिति र अन्य सम्बन्धित संघ संस्थासँग समन्वय गर्ने,
- (ध) प्रदेश मातहतका सुरक्षा निकाय लगायत सम्पूर्ण संयन्त्र परिचालन गर्ने,
- (न) यस दफा बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा संघ, स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,
- (प) विपद प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा, अस्थायी बसोवास तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,

- (फ) प्रदेशस्तरमा विपद व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेशण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,
- (ब) विपद व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापहरुका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

- (भ) विपदको समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- (म) विपदका सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन, सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न, खोजी उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने,
- (य) विपद व्यवस्थापन सम्बन्धमा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,
- (र) विपद व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,
- (ल) विपद प्रभावित क्षेत्रमा सञ्चार माध्यमद्वारा सचेतना सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।

# प्रदेश विपद् कोष सम्बन्धी व्यवस्था

- ऐनको दफा १० मा प्रदेश विपद् कोष सम्वन्धी व्यवस्था रहेको छ।

<u>कोषमा जम्मा हुने रकम सम्वन्धी व्यवस्था</u>

- (क) नेपाल सरकार वा प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,
- (ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय विकास साझेदार,राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजीक्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,
- (ग) व्यावसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

- (घ) प्रदेश मन्त्रिपरिषदका सदस्य, सभासद, निजामती कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,
- (ङ) खण्ड (घ) मा लेखिएदेखि बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,
- (च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

# कोष सञ्चालन समिति

ऐनको दफा १३ बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) सम्बन्धित महाशाखा प्रमुख,आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

# प्रदेश विपद् व्यवस्थापन नीति, २०७६

- दीर्घकालिन सोच
- विपद्बाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील प्रणाली र पूर्वाधार , प्रदेशको विकासको दिगो आधार
- कुल ७ उद्देश्यहरू पुरा गर्न ५० नीतिहरूको व्यवस्था गरिएको छ ।

# नीतिका मूलभूत विषयहरू

- विपद् सम्बन्धी जानकारीलाई पाठयक्रममा समेटने विषय
- जनचेतना अभिवृद्धि
- सूचना प्रणालीको उपयोगमा जोड
- पूर्वतयारीमा नक्साङ्कनको (Hazard Mapping) प्रयोग
- EOC को भूमिका अभिवृद्धि
- भू तथा जलाधार संरक्षण गुरूयोजना निर्माण
- विपद् जोखिम न्यूनीकरणमा सर्वपक्षीय भूमिकामा जोड
- विपद् सुरक्षित संस्कृति (Culture of Safety) मा जोड

- संस्थागत विकासमा जोड
- जलवायु परिवर्तन अनुकुलित कृषि
- विपद्बाट प्रभावित जनसमुदायलाई सहुलियतपूर्ण कर्जा
- Forecast Based Preparedness and Response Plans
- Trauma Care centre
- जवाफदेहिता र पारदर्शिता

# विपद् रणनीतिक कार्ययोजना

- रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै दिगो विकासमा सहयोग पुऱ्याउने holistic approach लाई आत्मसाथ गरेको छ
- यसले मुलभूत रुपमा चार प्राथमिकता प्राप्त क्षेत्रहरू उल्लेख गरी सो अन्तर्गत चौथ प्राथमिकता प्राप्त कार्यहरूको उल्लेख गरेको छ।

# विपद् खोज,उद्धार तथा राहत वितरणमापदण्ड सम्बन्धी कार्यविधि, २०७८

- विपद्जन्य घटनाबाट प्रभावित व्यक्ति तथा परिवारको खोज तथा उद्धार गर्नेर राहत उपलव्ध गराउने कार्यलाई थप व्यवस्थित गरी विपद् सम्वद्ध कार्यमा प्रदेशको भूमिकालाई प्रभावकारी बनाउन ल्याइएको
- दफा ३ मा विपद्को तयारी र ४ मा खोज उद्धारको समबन्धमा मार्गदर्शन गरिएको
- प्रदेशका सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरी राहत वितरणको व्यवस्था मिलाइएको

# राहत वितरण

- मृतकको हकमा नेपाल सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त थप राहत स्वरूप प्रति मृतक प्रदेश सरकारको तर्फबाट रू. 50,000/- (पचास हजार)उपलब्ध गराउने।
- बेपत्ता भई खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा नजिकको हकवालालाई रु. ५०,०००|– (पचास हजार) उपलब्ध गराउने।
- विपदबाट भएको क्षतिको राहत स्वरूप तत्काल गुजाराको लागि नेपाल सरकारले प्रदान गर्ने रकमको अतिरिक्त प्रति परिवार रू.१०,०००/- (दश हजार)वा सो बराबरको जिन्सी राहत
- घरक्षतिको अवस्था हेरी क्षतिको अनुपातमा आवश्यक निर्माण सामग्रीको व्यवस्थापनका लागि सो सम्बन्धमा नेपाल सरकारले प्रदान गर्ने रकमको अधिकत सीमाले नपुग्ने भएमा अतिरिक्त सहायता बापत बढीमा रू. २५०००/-(पच्चीस हजार) सम्म वा सो बराबरको जिन्सी राहत
- विपदको घटनामा परी घाइते हुनेहरूलाई उपचार खर्च नेपाल सरकारले उपलब्ध गराउने रकमको अधिकतम सीमाले नपुग हुने भएमा रू. १५०००/- (पन्ध्र हजार) सम्म सम्बन्धित अस्पातालेलाई भुक्तानी दिने र अस्पातालबाट डिस्चार्ज भई घर जान त्यस्तो व्यक्तिलाई प्रतिव्यक्ति रू. १०००/- (एक हजार) यातायात खर्च दिने।

..........

- माथिका सबै खर्च प्रदेश विपद् व्यवस्थापन कोषबाट ब्यहोरिने
- राहत वितरणको लागि प्रारम्भमा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिलाई १०/१० लाख पठाइने र ५ लाख मौजदात रहने गरी सोधभर्ना हुने व्यवस्था गरिएको।
- संस्थागत रुमपा राहत वितरणको व्यवस्था गरिएको
- विपद् व्यवस्थापन निर्देशक समितिले निर्णय गरी खास प्रकृतिको विपद्मा थप राहत वितरण गर्ने प्रावधान राखिएको ।

# नीति कार्यान्वयनका चुनौती

- अधिकारक्षेत्रको अस्पष्टता
- कार्यकारी भूमिका कम र समन्वयकारी भूमिका बढी
- संघ, प्रदेश र स्थानीय तह बीच प्रभावकारी समन्वय गर्न कठिनाई
- दोहोरोपना
- सांगठनिक रूपमा विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि विपद् व्यवस्थापन समन्वय शाखाको रूपमा मात्रै रहनु

# अबको बाटो

- नीति कार्यान्वयनका लागि कार्यक्रम कार्यन्यवयनमा जोड दिनुपर्ने
- अन्तरसरकारी समन्वयमा जोड दिनु पर्ने
- वितरणमुखी कार्ययोजना भन्दा पूर्वतयारी तथा सक्षमता अभिवृद्धिमा जोड दिनु पर्ने
- जोखिम सम्मुखतालाई मध्यनजर गर्दै बस्ती बिकास एवं पुनर्स्थापना कार्यलाई अगाडि बढाउनु पर्ने

# सुझाव/प्रतिक्रिया

# धन्यवाद !

